# नगरकार्यपालिका बैठक नं. १८६, मिति २०८२।१०।१२ गते सोमबार

## प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय समिक्षा सम्बन्धमा।

२. निमित्त प्रमुख प्रशासकीय अधिकृत तोक्ने सम्बन्धमा।

३. नगरस्थापना दिवस मनाउने सम्बन्धमा।

४. लैङ्गिक हिंसा नियन्त्रित नगर घोषणा कार्यक्रम गर्ने सम्बन्धमा।

**निर्णय नं. १**

यस अघि बसेको नगरकार्यपालिकाको बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो।

**निर्णय नं. २**

यस कार्यालयका सामान्य प्रशासन महाशाखा प्रमुख तथा उपसचिव वासुदेव आचार्यज्यूलाई कार्यालयको नियमित प्रशासनीक कार्य गर्न निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको ४८औं नगरस्थापना दिवस यही मिति २०८२।१०।१५ गते भव्यताकासाथ मनाउने निर्णय गरियो। यसको तयारीका लागि शाखागत रुपमा जिम्मेवारी दिन सामान्य प्रशासन शाखालाई जिम्मेवारी दिने साथै उक्त कार्यक्रममा सम्मानका लागि तपसिल बमोजिम गर्ने निर्णय गरियो।

**तपसिलः**

१. गत शैक्षिक सत्रमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी छनौट गरी पठाउन सामाजिक महाशाखालाई जिम्मेवारी दिने।
२. जेन्जी आन्दोलनको क्रममा कार्यालयमा रहेका सवारी साधन क्षति हुनबाट जोगाउन महत्वपूर्ण योगदान दिनुहुने सवारी चालक जिवलाल शर्मालाई सम्मान स्वरुप दोसल्ला र सम्मानपत्र दिने।
३. खेलकुदतर्फ विशेष योगदान दिनुहुने खेलाडीलाई दोसल्ला सहित सम्मानपत्र दिइ सम्मान गर्ने साथै त्यसका लागि खेलकुद विकास समितिलाई नाम सिफारिस गर्ने जिम्मेवारी दिने।
४. लैङ्गिक हिंसा नियन्त्रीत नगर घोषणाका लागि महत्वपूर्ण योगदान गरे वापत महिला तथा बालबालिका शाखालाई सम्मान गर्ने।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकालाई लैङ्गिक हिंसा नियन्त्रित नगर घोषणाका लागि तपसिल बमोजिम गर्ने निर्णय गरियो।

४.१ लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा नेपालको संविधान २०७२,नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, घोराही उपमहानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ लैङ्गिक हिंसा नियन्त्रीत नगर घोषणा सम्बन्धी कार्यविधि २०८१ मा भएको व्यवस्था बमोजिम घोराही उपमहानगरपालिकालाई लैङ्गिक हिंसा नियन्त्रित नगर घोषणा गर्ने प्रक्रियामा सवै सुचकहरु पुरा भएको छ। उक्त सुचकका आधारमा जिल्ला समन्वय समितिको कार्यालय दाङको नेतृत्वमा सयुक्त अनुगमन गरि लुम्विनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा प्रतिवेदनका

साथै र अनुमतीको प्रक्रियाको लागी पत्राचार भई सो पत्रका अधारमा लुम्विनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय राप्ती उपत्यका(देउखुरी, नेपालवाट समेत स्थलगत तथा अभिलेख अनुगमन भई सकेकोले यही मिति २०८२ माघ १५ गते घोराही उपमहानगरपालिका स्थापना दिवसको अवसरमा घोराही उपमहानगरपालिकालाई लैङ्गिक हिंसा नियन्त्रीत नगर घोषणा गर्ने निर्णय गरीयो।

**४.२** नगर घोषणा सम्बन्धी कार्यविधि २०८१ परिच्छे २ को ४ मा लैङ्गिक हिंसा नियन्त्रीत घोराही उपमहानगर घोषणाका प्रक्रिया र चरणहरुको २० नं मा लैङ्गिक हिंसा नियन्त्रीत घोषणाका लागि तोकिएको निकायवाट अनुमति प्रदान गर्ने उल्लेख भएकोमा तोकिएको निकाय भन्नाले लुम्विनी प्रदेश सरकार रहेको थप स्पष्ट गर्ने निर्णय गरीयो।

**४.३** लैङ्गिक हिंसा नियन्त्रीत घोषणा कार्यक्रममा सम्मान, प्रसंश ,तथा कदर पत्र सम्वन्धमा लैङ्गिक हिंसा नियन्त्रीत घोषणाको अभियानमा सहयोग गर्ने व्यक्ति तथा संघ संस्थाहरुलाई सम्मान, प्रसंशा तथा कदर पत्रको लागि लैङ्गिक हिंसा निवारण नगर स्तरिय समितिले सिफारिस गरे अनुसार वितरण गर्ने निर्णय गरियो ।